# परोँहा बहुमुखी क्याम्पस

# सैनामैना-४,रुपन्देही

# विधान २०६६ दोस्रो संशोधित विधान-२०७५

## प्रस्तावना

शिक्षा जीवनको ज्योति हो अनि ज्ञानको मुहान पनि । यो बौद्धिक अभ्यास र ज्ञान प्राप्तिको आधारमा नभई आर्थिक तथा सामाजिक परिवर्तनको एउटा महत्वपुर्ण पक्ष हो । स्वास्थ शरिरमा स्वस्थ मनको निर्माण नै शिक्षा हो । यसले मस्तिष्कको विकास गरी व्यत्तिमा सत्यम शिवम् सुन्दरमको आनन्द प्रदान गरी सुख प्राप्तितर्फ उन्मुख गर्दछ । शिक्षा जीवन मापनका लागी आवश्यक पर्ने ज्ञान,सिप हासिल गर्ने र व्यक्तिको सर्वाङ्गिण विकास गर्ने महत्पुर्ण माध्यमका रुपमा कार्य गरेको हुन्छ । हालका दिनमा शिक्षालाई मानविय आवश्यकता तथा मौलिक अधिकारको रुपमा स्थापित गरी समाज परिवर्तनको एउटा माध्यमका रुपमा लिएको छ । आदिम ढुङ्गे युगबाट शुरु भएको मानव सभ्यतालाई पछयाउदै गर्दै शिक्षा अगाडी बढिरहेको छ । जसले मानव जगत र संसारकै मुहारलाई पुर्णरुपले परिवर्तन गरी दिएको छ । यसरी विश्व परिबेशलाई स्वर्णीम स्वरुप दिने कार्य शिक्षाले नै गरेको छ  । विश्वमा भएको ज्ञानको तिब्र विस्फोटन र शिक्षाले नै गरेको छ । विश्वमा भएको ज्ञानको तिब्र विस्फोटन र शिक्षाका बिकासलाई पछयाउन नसक्ने व्यक्ति, समुदाय,समाज अनि राष्ट्र कुहिरोमा हराएको काग जस्तै हुन्छ । जसले आफ्ना उन्नति,प्रगति र आफुलाई रुपान्तरण गर्न सक्दैन ।

बहुभाषा,बहुसंस्कृति,उच्चतम मानविय मुल्य मान्यता तथा आदिम सभ्यताले सु-संस्कृत तथा विश्वको उच्च शिखर सगरमाथा ज्ञानका उच्च शिखर गौतम बुद्धको देश नेपालको मध्य भागामा रहेको लुम्बिनी अञ्चल बिश्व तारा गौतम बुद्धको जन्म स्थल रहेको रुपन्देही जिल्लाको उत्तर पश्चिममा रहेको सैनामैना,विभिन्न जनजाति,आदीबासी भाषाभाषी रहेको न.पा. हो. पवित्र बुद्ध जन्म भुमि लुम्बिनीबाट २१ कि.मि.,उत्तर,शैक्षिक तथा औद्योगिक नगरी बुटवलवाट १४ कि.मि. पश्चिम,पुर्व पश्चिम लोकमार्ग छेउमै  रामनगर ,मुर्गियामा रहेको छ ।

अधिकांश गरिव,आदिवासी, जनजाति,दलित एबं पिछडिएका जनसमुदायको बढी वसोवास भएको  र विकासका पुर्वाधारले पनि पछाडी परेको क्षेत्र समेत भएकाले यहांका गरीव विपन्न वर्गका समुदायका छाराछोरीहरु उच्च

शिक्षाको उज्जालोबाट लाभान्वित भई आफ्नो सुनौलो भविष्य सुनिश्चित गर्न सकुन भन्ने पवित्र अभिलाषाद्धारा अभिप्रेरित भई यस क्षेत्रका वुद्धिजिवि,शिक्षाप्रेमी,समाजसेवी,विद्धान,प्रवुद्ध व्यक्तिहरु एंव सर्बसाभधरण समुदायको सक्रियातामा,स्थानिय स्तरमै सबृसुलभ एबं गुणस्तरीय उच्चशिक्षा प्रदान गर्ने गराउने उद्देश्यका साथ जनताका लागी जनताकै व्यवस्थापन भन्ने मुल आशयका साथ तत्कालीन पर्रोहा गा.बि.स.मा. २०६५ सालमा पर्रोहा बुहुमुखी क्याम्पसका नाममा यो **गैर नाफामुखी सामुदायिक (Public)** क्याम्पसको स्थापना गरिएको हो । यो क्याम्पसको स्थापनाको प्रमुख उद्देश्य उच्च शिक्षाको पहँचको सुगमतालाई यस क्षेत्रका पछाडीको बर्ग,जनता, जनजाति,आदीवासी,महिला र दलित सम्म पुऱ्याउने अनि युवा वर्गलाई स्थानीय तहमा गुणास्तरीय उच्च शिक्षाको खोजीमा शहर तथा विदेशका महंगाा क्याम्पसहरुमा पलायन हुने युवा बर्गलाई स्थानीय तहमा गुणस्तरी उच्चच शिक्षा प्रदान गर्ने रहेको छ ।

# परिच्छेद -१
# संक्षिप्त नाम र प्रारम्भ

## १.संक्षिप्त नाम र प्रारम्भ

क. यस विधानको नाम "पर्रोहा बहुमुखी क्याम्पस"सैनामैना, रुपन्देही, क्याम्पसको विधान २०६६ को दोस्रो संशोधित विधान २०७५ रहेको छ ।

ख.यो बिधान पर्रोहा बहुमुखी सैनामैना, क्याम्पसको बिधान अनुसार गठित सञ्चालक समितिले पारित गरेको मिति देखी लागु हुनेछ । जसलाई क्याम्पस सभाले पनि अनुमोदन गर्नुपर्ने छ ।

## २.परिभाषा

क ."ऐन" भन्नाले त्रि.बि. ऐ.२०४९ लाई सम्झनु पर्दछ ।

ख. "नियम" भन्नाले त्रि.बि.विधान अनुरुप तर्जुमा भएका नियमहरुलाई सम्झनुपर्दछ ।

ग."विधान" भन्नाले पर्रोहा बहुमुखी क्याम्पसको संशोधित विधान २०७५ लाई सम्झनु पर्दछ ।

घ."नियमावली" भन्नाले क्याम्पस सञ्चालन नियमावली २०६७ लाई सम्झनु पर्दछ ।

ङ."क्याम्पस" भन्नाले यस विधानमा उल्लेखित पर्रोहा बहुमुखी क्याम्पस,सैनामैना भन्ने सम्झनु पर्नेछ ।

च."सभा" भन्नाले यस विधानमा उल्लेखित पर्रोहा बहुमुखी क्याम्पस,सैनामैनाको साधरण सदस्यहरुको भेलालाई जनाउदछ ।

छ."सञ्चालक समिति" भन्नाले क्याम्पस सञ्चालकको लागी यस विधान अनुरुप गठित सञ्चालक समितिलाई बुझाउने छ ।

ज."पदाधिकारी" भन्नाले सञ्चालक समितिको अध्यक्ष,उपाध्यक्ष,कोषध्यक्ष र सदस्य सचिवलाई जनाउनेछ ।

झ."अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्षलाई जनाउनेछ । विधान अनुसार गठित अन्य उप समितिकम प्रमुखलाई पनि अध्यक्ष वा संयोजक मानिनेछ ।

ञ."सदस्य" भन्नाले सञ्चालक समितिको सदस्यहरु ,क्याम्पस सभाका सदस्यहरु समेतलाई जनाउँछ ।

ट."उप समिति भन्नाले सञ्चालक समितिले निश्चित कामको लागी गठन गरेको उपसमिति सम्झनु पर्दछ ।

ठ."क्याम्पस प्रमुख" भन्नाले यस क्याम्पसको प्रमुख सम्झनु पर्दछ ।

ड."शिक्षक" भन्नाले शिक्षा प्रदान गर्ने क्याम्पसमा अध्यापनरत क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख,प्राध्यापक,सह प्राध्यापक,उप प्राध्यापक,शिक्षण सहायक,सहायक प्राध्यापक,प्रशिक्षक,उप-प्रशिक्षक कार्यरत शिक्षकहरु यसै अनुरुप नियुक्त भएको मानिने छ ।

ढ."कर्मचारी" भन्नाले क्याम्पसको प्रशासनिक कार्यको लागी नियुक्त जुनसुकै पदका लागी स्थायी,अस्थायी करार र आंशिक कर्मचारीहरुलाई जनाउने छ ।

ण."तोकिएको " वा "नियम अनुसार" भन्नाले यस विधान अन्तगर्त बनेको नियममा उल्लेख भएको कुरालाई जनाउने छ ।

त."संयोजक" भन्नाले समिति वा उप समितिका प्रमुखलाई जनाउने छ ।

थ."प्राविधिक शिक्षा" भन्नाले विश्व विद्यालय एवं अन्य सम्बन्धित निकायबाट सम्बन्धन लिई क्याम्पसमा सञ्चालित प्राबिधिक शिक्षालाई जनाउनेछ ।

## <u>३.क्याम्पसको नाम, अवस्थित र छाप</u>

क .यस क्याम्पसको नाम "पर्रोहा बहुमुखी क्याम्पस" रहेनेछ ।

ख.यो क्याम्पस सैनामैना न.पा. वार्ड.न.-४ रुपन्देहीमा रहने छ ।

ग. यो विधान प्रारम्भ हुँदाका अबस्थामा कायम रहेको क्याम्पसको चल अचल लगायत सम्पूर्ण प्रकारको कारोबारको अधिकार दायित्व यसै विधान अनुसार क्याम्पसको हुने छ ।

घ. पर्सोहा बहुमुखी क्याम्पस अविछिन्न उत्तराधिकारवाला,स्वतन्त्र,स्वशासित,संगठित बिशुद्ध सामुदायीक शैक्षिक संस्था हुने छ । यस क्याम्पसको आफ्नै छुट्टै छाप हुने छ । यसले चल अचल सम्पति प्राप्त गर्न,खरिद गर्न, भोगचलन गर्न, धितो राख्न,बेच बिखन गर्न समेत सक्नेछ तर कुनै कारणबस बिघटन भएमा सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।यसले आफ्नो नामबाट नालेस उजुर गर्न सक्नेछ र यसमाथि पनि सोही नामबाट नासेस लाग्ने छ ।

ङ.यस क्याम्पसको छाप अनुसुचि १ मा भए बमोजिम हुने छ ।

## ४.उद्देश्यः

देशको राष्ट्रिय शिक्षा निति र योजना अनुरुप राष्ट्रको चौतर्फी विकासको लागी चाहिने माध्यम तथा उच्च स्तरको सीपयुक्त जनशक्तिको आबश्यकतालाई परिपुर्ती गर्ने शैक्षिक लक्ष्यहरुलाई मध्यनजर गरी यो क्याम्पसको स्थापना भएको हो । जसको निम्न उद्देश्य रहेको छन् ।

क.उच्च शिक्षाको आबश्यकतालाई शुलभ गराउने ।

ख.ज्ञान,बिज्ञान,कलासाहित्य र व्यवसायिक क्षेत्रमा सीप र शिक्षाको अभिबृद्धि गर्ने ।

ग.चरित्र निमार्णद्धारा राष्ट सेवामा संलग्न हुने सक्षम नागरिक तयार गर्ने ।

घ.त्रिभुवन विश्वबिद्यालय तथा अन्य विश्वबिद्यायलवाट सम्बन्धन लिई बिभिन्न तह संकाय सैद्धान्तिक प्राबिधिक शिक्षा सञ्चालन गर्न ।

ङ.आबश्यकता अनुसार सामुदायिक अस्पताल ,शिक्षण अस्पताल,प्राविधिक शिक्षालय र अनुसन्धान केन्द्र जस्ता क्षेत्रमा यस क्याम्प्सलाई विकास गर्दै लैजाने ।

# परिच्छेद -२

# क्याम्पस सभा

## ५.क्याम्पस सभा

क. पर्सोहा बहुमुखी क्याम्पसलाई अविछिन्न रुपमा सक्षम बनाई सुव्यवस्थित तरिकाले सञ्चालन सम्बद्धन र सरक्षकका साथै आबश्यक रेखदेख,नियन्त्रण निर्देशन गर्नका निम्ति क्याम्पसको सर्वोच्च अङ्गको रुपमा क्याम्पस सभा रहेने छ ।

ख. यस सभामा देहायका व्यक्ति सदस्यहरु रहेने छन् ,

अ. क्याम्पस सञ्चालक समितिका सबै सदस्यहरु एबं पूर्व अध्यक्षहरु ।

आ .क्याम्पस संचालक समितिका सस्थापक सदस्यहरु एंब पूर्व अध्यक्षहरु ।

इ.क्याम्पस सञ्चालक समितिद्धारा क्याम्पस सभाको लागी बिभिन्न क्षेत्रहरु शिक्षाप्रेमी, समाजसेबी, विद्धान, बुद्धिजिवि एवं स्थानीय तहमा कार्यरत संघसस्थाहरुका प्रमुखहरु मध्ये कम्तिमा ५ जना महिला सहित समाबेसी हुनेगरी गरी मनोनित १५ जना सदस्य रहने छन् ।

ई.क्याम्पस सञ्चालक समितिद्धारा मनोनित, स्थापनाकाल देखी नै योगदान पुऱ्याउदै आउने महानुभावहरु जस्तैः चन्दा दाता, समाजसेवी,अभिभाबक,प्राध्यापक आदिबाट कम्तिमा ३ जना महिला सहित जम्मा १० जना सदस्य ।

उ . आजिवन,मानार्थ,सम्मानीत र संस्थापक सदस्यहरु

ऊ. सैनामैना नगरपालीका अर्न्तगत पर्ने माध्यमिक विद्यालयका प्रधानाध्यापकरु ।

ए.सैनामैना नगरपालीकाका प्रमुख ।

ऐ.प्राध्यापक सघं क्याम्पस ईकाइ समिति सभापति ।

ओ. सैनामैना नगरपालीका वडा नं. ४ का वडा अध्यक्ष ।

## ग.सदस्यको वर्गिकरण

अ . यस क्याम्पसको सञ्चालक समितिले तोकेको मापदण्ड अनुसारको स्मृति कक्षा कोठा वा अन्य भौतिक संरचना निर्माण गर्ने स्वीकार गरेको व्यक्ति क्याम्पस सभाको मानार्थ आजिवन सदस्य रहने छ ।

आ. यस क्याम्पसलाई रु १,००,०००।- एक लाख सम्मको नगद वा जिन्सी सहयोग बुझाउने व्यक्ति यस क्याम्पसको सम्मानित संस्थापक क्याम्पस सभा सदस्य रहने छ ।

इ. यस क्याम्पसलाई रु. १,००,०००।- एक लाख नगद वा जिन्सी सहयोग गर्ने संघसंस्था यस क्याम्पसको सम्मानित सस्थागत संस्थापक क्याम्पस सभा सदस्य रहने छ ।

ई. यस क्याम्पसलाई रु ५०,०००।- देखी रु ९९,९९९।- सम्म नगद वा जीन्सी सहयोग उपलब्ध गराउने व्यक्ति वा संस्थालाई क्याम्पसको सम्मानित क्याम्पस सभा सदस्य रहने छ ।

उ. यस क्याम्पसलाई रु २५,०००।- देखी ४९,९९९।- सम्म नगद वा जीन्सी उपलब्ध गराउने व्यक्ति वा संघ संस्थालाई यस क्याम्पसको विशेष क्याम्पस सभा सदस्य दिइने छ ।

ऊ. यस बहुमुखी क्याम्पसलाई न्युनतम् रु १०,०००।- नगद वा जीन्सी बुझाउने व्यक्ति वा संघ संस्था यस क्याम्पसका क्याम्पस सभा सदस्य रहनेछन् ।

ऋ. क्याम्पस सभाको सभाध्यक्ष हुने व्यक्तिले क्याम्पस सभा हुन ३ महिना अगावै कम्तिमा १०,०००।- बुझाई सभाध्यक्ष बन्ने छ र सभा पछि सदस्यता पुन :खुल्ला गरीने छ ।

ए.क्याम्पस सभाको अध्यक्षता क्याम्पस सञ्चालक समितिको अध्यक्षले गर्ने छ र क्याम्पस सभाको सदस्य सचिव क्याम्पस प्रमुख रहने छ ।

ऐ. यस संस्थालाई रु. १,००,००,०००।- एक करोड नगद वा जिन्सी सहयोग उपलब्ध गराउने व्यक्ति वा संघसंस्थालाई स्मृतिमा क्याम्पसको नाम राख्न दिने व्यवस्था गर्ने ।

ओ. क्याम्पस सभाको गणपुरक संख्या ५१ प्रतिशत हुने छ । सभामा गणपुरक संख्या नपुगेमा वा दोस्रो पटकमा एक तृतीयांश सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिने छ । सो पटक पनि नपुग भएमा तेस्रो पटकमा गणपुरको लागि संख्याको अनिवार्यता मानिने छैन ।  समितिले तोकिएको समय र स्थानमा साधारण बहुमतबाट निर्णय गरिने छ ।

औ. क्याम्पसको साधारण सभा क्याम्पस सञ्चालक समितिले तोकेको समय र स्थानमा साधारणतय बर्षको एक पटक हुनेछ । क्याम्पसको साधरण सभा बोलाउँदा साधरण सभाका सदस्यहरुलाई साधरण सभा हुने,स्थान,समय,मिति र छलफलका बिषय सहित कम्तिमा १५ दिन अगावै जानकारी दिनुपर्ने छ । क्याम्पस सञ्चालक समितिले बिषेश साधारण सभा बोलाउन आबश्यक सम्झेमा वा क्याम्पस सभा सदस्यहरु मध्ये कम्तिमा ३० प्रतिशत सदस्यहरुले लिखित रुपमा सभाका निम्ति माग गरेमा १५ दिन भित्र क्याम्पस सञ्चालक समितिका अध्यक्षले क्याम्पस सभा बोलाउनु पर्ने छ ।

## घ. क्याम्पस सभाको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

अ.क्याम्पसको शैक्षिक,आर्थिक,सामाजिक तथा भौतिक पक्षको विकासमा मार्गदर्शकको भुमिका खेल्ने ।

आ. क्याम्पसको विकास निमार्णको लागी दीर्घकालीन योजनाको अनुमोदन गर्ने ।

इ.सञ्चालक समितिका काम कारवाहीका उद्देश्य प्राप्तिका लागी अन्य कार्यक्रमहरु गर्ने ।

ई.विधानमा उल्लेख भए अनुसारको उद्देश्य प्राप्तिका लागी अन्य कार्यक्रमहरु गर्ने ।

उ. बिधान र क्याम्पस नियमहरुको पालना गर्नु प्रत्येक सदस्यहरुको दायित्व हुने छ ।

ऊ.विधानमा आबश्यक संशोधन गर्नुपर्ने भएमा सञ्चालक समितिलाई सुझाब सहित निर्देशन दिने ।

ए.क्याम्पस सञ्चालति बिभिन्न गतिविधिहरुको समिक्षा गर्ने र आबश्यक सुझाब दिने ।

# परिच्छेद-३

# सञ्चालक समिति

## ६. क्याम्पस सञ्चालक समिति

(क) पर्रोहा बहुमुखी क्याम्पसको सञ्चालक समितिमा पदेन बाहेक बढीमा १५ जना सदस्य रहनेछन् ।

(ख) सञ्चालक समितिको गठन निम्न बमोजिम हुनेछ ।

(अ) अध्यक्षपदको नियुक्तिका लागी क्याम्पस सञ्चालक समितिबाट समितिको अबधि सकिनु भन्दा ३ महिना पहिले देखी नै नया अध्यक्षको नियुक्तिको प्रक्रिया सुरु गर्नु पर्ने छ र उक्त प्रक्रिया समितिको अबधि सकिएको तिन महिना भित्र सम्पन्न गर्नु पर्ने छ र उक्त निर्णय क्याम्पस सभाबाट अनुमोदन गराउनु पर्दछ । क्याम्पसको अध्यक्ष हुने ब्यक्तिको न्युनतम योग्यता स्नातक तह पास गरेको हुनुपर्ने छ ।

(आ) क्याम्पस प्रमुख सदस्य जना सचिव १ जना ।

(इ) क्याम्पस सभा सदस्यहरु मध्येबाट २ जना महिला सदस्य सहित अनिवार्य समावेशी हुने गरी क्याम्पस सभाबाट मनोनित बढीमा सदस्य ५ जना ।

(ई) सञ्चालक समितिबाट मनोनित सदस्य २ जना ।

(उ) सञ्चालक समितिका अध्यक्षवाट मनोनित सदस्य १ जना ।

(ऊ) त्रि.वि.प्रतिनिधि सदस्य १ जना ।

(ए) क्याम्पसको प्राध्यापक संघका सभापति वा प्राध्यापक संघले तोकेको प्राध्यापक प्रतिनिधि सदस्य १ जना

(ऐ) स्व.वि.यु. सभापति वा स्व.वि.यु.ले तोकेको प्रतिनिधि सदस्य १ जना (पदेन सदस्य)

(ओ) सैनामैना नगरपालिकाको नगरप्रमुख सदस्य १ जना (पदेन सदस्य) ।

(औ) सैनामैना नगरपालिका वार्ड नम्बर-४ वडाका अध्यक्ष १ जना (पदेन सदस्य)

(ग) सञ्चालक समितिले आफुहरु मध्येवाट १ जनालाई उपाध्यक्ष र १ जनालाई कोषाध्यक्षको पदभार निर्धारण गर्ने छ ।

(घ) सञ्चालक समितिको पदावधि ३ वर्षको हुने छ । तर क्याम्पस सभाको २/३ बहुमतले अविश्वास गरेमा तोकिएको कार्यअवधि पुरा नहुदै पुनर्गठन गर्न सकिने छ ।

(ङ) क्याम्पस सञ्चालक समितिको पदावधि पुरा भएको ३ महिना भित्रमा पुर्नगठनको काम पुरा गर्नु पर्ने छ ।

(च) क्याम्पस सञ्चालक समितिले माथी उल्लेखीत समय भित्र अध्यक्षको नाम टुङ्गो लगाईसक्नुपर्ने छ ।

## ७.क्याम्पस सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

**क्याम्पस सञ्चालक समितिको काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछ :-**

(क) त्रि.वि. कार्यक्रम सञ्चालन गरीएका अन्य विश्व विद्यालय एंव अन्य निकायहरुको शैक्षिक निर्देशन पालाना गर्ने ।

(ख) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक तथा कर्मचारीहरुको नियुक्त गर्ने ।

(ग) क्याम्पसका लागी आवश्यक चन्दा, अनुदान, दान, दातब्य जस्ता भौतिक श्रोत जुटाउने र जन सहयोग परिचालन गर्ने ।

(घ) क्याम्पसलाई सुव्यवस्थित रुपले सञ्चालन गर्नका लागी आवाश्यक निती  नियम बनाउने र निर्देशन दिने

(ङ) त्रि.वि.तथा सम्बन्धन लिइएको अन्य निकायले विषयगत शैक्षिक गुणस्तर बिकासका निम्ति आयोजित विविध कार्यशाला, गोष्ठी, अभिमुखीकरण वृत्तिविकासका तथा अन्य कार्यक्रमहरुमा क्याम्पस प्रमुखको सिफारीसको आधारमा प्रतिनिधि पठाइ सहयोगी हुने व्यवस्था गर्ने ।

(च) क्याम्पस सभाका सुझावहरु कार्यान्वयन गराउने ।

(छ) क्याम्पसको सभामा आय व्ययको प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य विभिन्न आवश्यक प्रतिवेदन तयार गरी पेश गरेर अनुमोदन गराउने ।

(ज) क्याम्पसको सम्पुर्ण कोष, चल अचल सम्पत्तिको व्यवस्था  तथा संरक्षण गर्ने ।

(झ) आन्तारीक लेखा समितिको गठन गर्ने र क्याम्पसलाइ आवाश्यक पर्ने नियमावलीहरु बनाउने ।

(ञ)  क्याम्पस प्रमुखले आवश्यक दरबन्दिको माग सञ्चालक समितिमा पेश गरेमा सञ्चालक समितिले त्यसको आधारमा दरबन्दि सृजना गर्ने ।

(ट) शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता, भ्रमण भत्ता, एंव पारीश्रमीक आदिका सम्बन्धमा त्रि.वि.ले निर्धारण गरेको प्रचलित स्केललाइ मध्यनजर गर्दै क्याम्पसको आर्थिक स्थिती अनुसार सञ्चालक समितिद्धारा निर्धारण गरीने छ ।

(ठ) शिक्षक तथा कर्मचारीलाइ उनीहरुको कार्यको आधारमा पुरस्कृति गर्ने ।

(ढ) लेखापरीक्षक नियुक्त गरी वार्षिक आय व्ययको लेखापरीक्षण गराउने र लेखापरीक्षण प्रतिवेदनको मुल्याङ्कन गरी अनुमोदन गर्ने ।

(ण) क्याम्पसमा अध्धयन गर्ने विद्यार्थीहरुको सबै किसिमको शुल्कहरुको निर्धारण गर्ने ।

(त) आवाश्यकता अनुसार विविध समिति तथा उपसमितिहरु गठन गर्ने र काम, कर्तव्य र अधिकार तोक्ने ।

(थ) क्याम्पसका समस्याहरु समाधान गर्ने एंव तोकिएका वा परि आएका अन्य

कार्यहरु गर्ने ।

## ८. **सञ्चालक समितिको बैठक तथा कार्यविधि**

(क) क्याम्पस सञ्चालक समितिको बैठक कम्तिमा २ महिनामा एक पटक बस्नेछ । आवश्यक परेमा जुनसुकै समयमा बैठक बस्न सक्नेछ ।

(ख) सदस्य सचिबले अध्यक्षको अनुमति लिई सामान्यता ७ दिनको सूचना दिई बैठक बोलाउने छ तर विशेष परिस्थितिमा सो अवधि कम पनि हुन सक्नेछ ।

(ग) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थित भएमा जेष्ठताको आधारमा सञ्चालक समितिका सदस्यहरुमध्ये १ जनाबाट बैठकको अध्यक्षता हुने छ ।

(घ) समितिको बैठकमा छलफल भएका विषय र निर्णयहरु स्पष्ट रुपमा निर्णय पुस्तिकामा लेखी अध्यक्षद्धारा हस्ताक्षर गराई राख्नुपर्ने छ ।

(ङ) कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बोलाइएको बैठकमा गणपूरक संख्या नपुगेमा दोस्रो पटक एक तिहाइ (३५ प्रतिशत) सदस्यहरुको उपस्थितिलाइ गणपूरक संख्या मानिने छ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

## ९. अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) क्याम्पस सभा र सञ्चालक समितिको बैठकको अध्यक्षता दिने ।

(ख) सञ्चालक समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

(ग) क्याम्पस सभा र सञ्चालक समितिद्धारा गरीएका निर्णयहरुको कार्यान्वयन, रेखदेख र नियन्त्रण गर्ने गराउने ।

(घ) क्याम्पस प्रमुखको काज एक पटकमा १५ दिनमा नबढाई अध्यक्षले स्वीकृत गर्ने सक्ने छ । सो भन्दा बढि गर्नुपरेमा सञ्चालक समितिले गर्ने छ ।

(ङ) क्याम्पसको उन्नती र विकासको लागी तत्काल आइ परेका कार्यहरुमा निर्णय दिने र सञ्चालक समितिबाट अनुमोदन गराउने । तर उक्त प्रायोजनको लागी अध्यक्षद्धारा गरीएका निर्णय सञ्चालक समितिबाट अनुमोदन हुन नसकेमा स्वतः निष्कृय भएको मानिने छ ।

(च) क्याम्पसको उन्नती र प्रगतीका लागी आर्थिक स्रोत जुटाउने ।

(छ) एक महिना भन्दा बढी अवधी अनुपस्थित हुने अबस्था भएमा उपाध्यक्षलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिनुपर्ने छ ।

## १०. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षलाई काममा सहयोग गर्ने ।

(ग) अध्यक्ष वा सञ्चालक समितिले तोकेको अन्य कामहरु गर्ने ।

(घ) लामो समयसम्म अध्यक्ष अनुपस्थित रहेको अवस्था आएमा अध्यक्षद्धारा कार्यवाहक अध्यक्षको रुपमा दिइएको जिम्मेवारी अनुरुप कार्य गर्ने ।

## ११. सदस्य सचिवको काम, कर्तव्य र अधिकार

(क) अध्यक्ष र सञ्चालक समितिको निर्देशन अनुरुप सञ्चालक समितिको बैठक बोलाउने ।

(ख) क्याम्पस सभा र सञ्चालक समितिको कार्यसुची तयार पार्ने, कार्यक्रम र प्रगति प्रतिवेदन पेश गर्ने, सुचना निकाल्ने, बैठकको पुस्तिका राख्ने, निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

## १२. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) क्याम्पसका लागी आर्थिक श्रोत जुटाउने र आर्थिक नियन्त्रण गर्ने ।

(ख) क्याम्पस सभा र सञ्चालक समितिको बैठकमा आर्थिक विवरण पेश गर्ने

(ग) क्याम्पसको सम्पत्तिको उत्तरदायित्व बहन गर्ने ।

(घ) सञ्चालक समिति र अध्यक्षले तोकेको अन्य काम गर्ने ।

## १३. सदस्यहरुको काम, कर्तव्य र अधिकार

(क) सञ्चालक समितिको बैठकमा उपस्थित भई रचनात्मक सुझाव सहित निर्णय दिने ।

(ख) सभा र सञ्चालक समितिले गरेको निर्णयहरुको कार्यान्वयनमा सहयोग गर्ने ।

(ग) सञ्चालाक समितिका अध्यक्षलाई सहयोग गर्ने ।

(घ) सञ्चालक समितिका अध्यक्ष एंव सञ्चालक समितिले दिइएको जिम्मेवारी पुरा गर्ने ।

## १४ सञ्चालक समितिमा पदाधिकारीहरुको पद रित्त हुने अवस्था

(क) अध्यक्षले उपाध्यक्ष मार्फत समितिमा समक्ष र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष दिइएको राजिनामा स्वीकृत भएमा ।

(ख) पदावधि समाप्त भएमा ।

(ग) मृत्यु भएमा ।

(घ) मानसिक असन्तुलन भएको प्रमाणित भएमा ।

(ङ) नैतिक पतन देखीने फौजदारी अभियोगमा अदालबाट कसुरदार ठहराइएको अवस्थामा ।

(च) बिना सुचना ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा ।

(छ) क्याम्पसको हित विपरीत कार्य गरेको सञ्चालक समितिको दुइतिहाइ बहुमतबाट प्रमाणित भएमा पदमुक्त गरीने छ तर निजलाई पदमुक्त गर्नु पूर्व १५ दिनको म्याद दिई आफ्नो कसुरको सफाई पेश गर्ने मौका दिइने छ ।

(ज) पदेन सदस्यको हकमा निज सम्बन्धित निकाय वा पदमा नरहेमा ।

# परिच्छेद -४

# क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम र शिक्षण समिति

**१५ क्याम्पस प्रमुख**

(क) क्याम्पसको शैक्षिक, प्रशासनिक एंव आर्थिक कार्य सञ्चालनका निमित्त १ जना क्याम्पस प्रमुख रहने छन् ।

(ख) सञ्चालक समितिबाट न्युनतम् शैक्षिक योग्यता पुगेका यस क्याम्पसमा कार्यरत शिक्षक मध्येबाट शैक्षिक एवं प्रशाासनिक नेतृत्व वहन गर्न सक्ने क्षमतावान नेपाली नागरिकलाई क्याम्पस प्रमुख नियुक्त गर्न सकिने छ ।

(ग) क्याम्पस प्रमुखको पदावधि एक कार्यकालको लागी बढीमा ४ वर्षको हुने छ ।

(घ) क्याम्पस प्रमुखमा नियुक्त भई कार्य गरे वापत सञ्चालक समितिवाट तोकिए बमोजिमको भत्ता र अन्य सुविधा प्राप्त गर्ने सक्नेछन् ।

(ङ) क्याम्पस प्रमुख सञ्चालक समितिप्रति उत्तरदायी हुनेछन् ।

## १६ क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार

१६.क्याम्पस प्रमुखको काम , कर्तव्य र अधिकार :-

क . क्याम्पस प्रमुख क्याम्पसको प्रमुख प्रशासकिय शैक्षिक पदाधिकारी हुनेछ ।

ख. यस विधान र यस अर्न्तगत बन्ने नियम विनियमको पालाना गर्नु गराउनु र यसको प्रयोजनको लागी क्याम्पसको हितको निमित्त क्याम्पस प्रमुखको बिचारमा कुनै नगरी नहुने आकस्मिक अबस्था आई परेको छ भन्ने लागेमा अध्यक्षलाइ जानकारी गराई आवश्यक काम कारवाही गर्न सकिने छ । तर त्यसको सुचना यथाशिघ्र संचालक समितिलाई दिई संचालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

ग. आवश्यक शिक्षक तथा कर्मचारीहरुको दरबन्दी सृजना गर्न सचांलक समितिमा पेश गर्ने ।

घ. विद्यार्थी भर्नाको लागी निति नियम बनाउने तथा विद्यार्थीलाई अनुशासनात्मक कारवाही गर्ने जसको लागी १ महिना सम्म निलम्बन गर्ने सकिनेछ तर क्याम्पसबाट निस्कासन गर्नु पर्दा संचालक समितिको बैठकमा पेश गरी निर्णय अनुसार गर्ने ।

ङ.क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासनको सम्पुर्ण जिम्मेवारी लिई क्याम्पस संचालन गर्ने ।

च. आन्तरिक तथा बाह्‍य परिक्षाहरु संचालन गर्ने र परिक्षाको अभिलेख व्यवस्थित रुपले राख्न लगाउने ।

छ. क्याम्पस संचालनका लागी अनुमानीत बजेट तयार गरी शैक्षिक शत्र सुरु हुनु पूर्व अनिवार्य रुपले संचालक समितिमा स्विकृतिका लागी पेश गर्ने र स्विकृत बजेटलाई संचालन गर्ने ।

ज . अनुशासन हिन रेकर्ड भएको वा हुन सक्ने विद्यार्थी लाई भर्ना हुन बाट रोक्ने ।

झ. क्याम्पसमा राम्रो काम गर्ने शिक्षक तथा कर्मचारीलाई ग्रेड वृद्दि वा पुरस्कार आदि दिन सिफारिस गर्ने ।

ञ. पुस्ताकालयको व्यवस्था गर्ने ।

ट. छात्रवृत्ति वितरणको लागी सिफारिस गर्ने ।

ठ. शैक्षिक स्तर बृद्दिका लागी संचालक समितिलाई सुझाब दिने

ड. क्याम्पसको हिसाब्‌ राख्ने, हिसाब नगदी वा जिन्सि सबै प्रकारको हुने छ ।

ढ. क्याम्पसको शिक्षक तथा कर्मचारीहरुमा अनुशासन कायम गर्ने र सबैलाई आफ्नो कामको जिम्मेवारी बोध गराउने । जिम्मेवारी वहनताको महसुस नभएका क्रमशः मैखिक तथा लिखित स्पस्टिकरण माग गर्ने र त्यति गर्दा पनि नभएमा ग्रेड ल्याप्स गर्ने तथा नपाउनेलाइ निश्कासन सम्मको कारवाही गरी थप कार्यका लागि समक्ष सिफारिस गर्ने ।

ण. शिक्षक तथा कर्मचारीको सेवाको विवरण राख्ने ।

त. शिक्षक तथा कर्मचारीको तलव भत्ता आदि वितरण गर्ने ।

थ. शिक्षक तथा कर्मचारीको नियम अनुसारको बिदा स्विकृत गर्ने ।

द. क्याम्पसको कारबाही सुव्यवस्थित एवं सुसांचलनका लागी आवश्यक सम्पुर्ण काम गर्ने ।

## १७. **सहायक क्याम्पस प्रमुख**

(क) क्याम्पसमा अध्यापनरत तथा सम्भव भए सम्म स्थायी र अनुभवी प्राध्यापकहरु मध्येवाट क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिवाट सहायक क्याम्पस प्रमुखको नियुक्ति गरिने छ ।

(ख) सहायक क्याम्पस प्रमुखको पदावधि एक कार्यकालको लागि बढिमा २ वर्षको हुने छ ।

(ग) सहायक क्याम्पस प्रमुख क्याम्पस प्रमुख प्रति उत्तरदायि हुनेछन्‌ ।

(घ) सहायक क्याम्पस प्रमुखले सो पदमा नियुक्त भई काम गरे वापत सञ्चालक समितिवाट तोकिए बमोजिम भत्ता तथा अन्य  सुविधा प्राप्त गर्नेछन् ।

## १८. सहायक क्याम्पस प्रमुख को काम, कर्तब्य र अधिकार :-

क . क्याम्पस प्रमुखलाई आवश्यक सरसल्लाह दिने तथा सहयोग पुराउने ।

ख  क्याम्पस संचालनका लागी क्याम्पस प्रमुखले तोके बमोजिमको अन्य सबै कार्य गर्ने ।

ग. क्याम्पस प्रमुखको अनुपस्थितिमा निमित्त क्याम्पस प्रमुख भई अन्य सबै कार्य गर्ने ।

## १९. कार्यक्रम संयोजक

(क) यस क्याम्पसले सञ्चालन गर्ने र गरिरहेका विभिन्न कार्यक्रमको रेखदेख गर्ने सञ्चालक समितिले क्याम्पस प्रमुखको सिफारिसमा कार्यक्रम संयोजक नियुक्त गर्ने छ ।

(ख) कार्यक्रम संयोजकको पदावधि बढिमा एक कार्यकालको लागी २ वर्षको हुनेछ ।

(ग) सेवा सुविधा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) कार्यक्रम संयोजकको काम, कर्तव्य र अधिकार नियमवलीमा उल्लेख भए बमोजिम हुनेछ ।

## २०. शिक्षण विभाग र अभ्यास शिक्षण समिति

(क) क्याम्पसमा अध्ययन अध्यापन गरिने विषयमा कम्तिमा ५ जना पूर्णकालिन शिक्षकको कक्षा भार रहने गरी ५ वा सो भन्दा बढि शिक्षक एउटै विषयमा कार्यरत रहेका प्रत्येक विषयका विषयगत शिक्षण विभागहरु गठन गर्ने सकिने छ ।

(ख)  कुनै विषयमा ५जना भन्दा कम विषयगत शिक्षक भएमा ती विषयहरुका लागी संयुक्त शिक्षण विभाग रहने छ ।

(ग) सहायक क्याम्पस प्रमुखसँग आवश्यक सल्लाह लिई क्याम्पस प्रमुखले विषयगत तथा  संयुक्त शिक्षण विभागका प्रमुख नियुक्त गर्ने सक्ने छ ।

(घ) क्याम्पस सञ्चालन हुने शिक्षा समूह तथा संकायको अभ्यास शिक्षण सञ्चालन गर्नका लागी कम्तिमा  ५ जना प्रध्यापक रहेको एक अभ्यास शिक्षण समिति गठन गरीने छ । समितिको प्रमुख स्थायी वा करार अनुभवि प्रध्यापकहरु मध्येवाट एक जनालाई नियुक्ति गर्न सकिने छ र निजलाई क्याम्पस प्रमुखको सिफारिसमा  सञ्चालक समितिले तोके अनुसारको पारिश्रमिक दिइने छ ।

(ङ) शिक्षण अभ्यास समितिको कार्यक्रम बढिमा २ वर्षको हुनेछ ।

(च) शिक्षण विभाग प्रमुख र अभ्यास शिक्षण समिति प्रमुखलाई क्याम्पस सञ्चालक समितिले तोके बमोजिमको सेवा सुविधा हुनेछ ।

# परिच्छेद -५

# अनुशासन तथा आचरण

## २१. <u>सञ्चालक समितिको आचार संहिता</u>

(क) क्याम्पसको विकास र हितलाई सर्वोपरि प्राथमिकता दिनुपर्ने ।

(ख) संस्थागत कार्यमा व्यक्तिगत हित हुने गरि कार्य गर्न नहुने ।

(ग) क्याम्पसको हित विपरित कार्य गर्न र गोपनियता भङ्ग गर्न गराउन नहुने ।

(घ) क्याम्पसको विधान र नियमहरुको पालाना गनुपर्ने ।

(ङ) एउटै विषय पढाइ हुने गरी समान तहमा सञ्चालन गरिएका क्याम्पसद्धारा निर्धारित क्षेत्र अर्न्तगत शिक्षण संस्थामा लगानी गर्न वा सञ्चालक समितिमा रहन नहुने ।

## २२. शिक्षक तथा कर्मचारी आचार संहिता

(क) क्याम्पसको विकास र हितलाई शिक्षक तथा कर्मचारीले सर्वोपरी प्राथमिकता दिनु पर्नेछ ।

(ख) क्याम्पसमा आइपरेको समस्या समाधानमा क्याम्पसका सबै शिक्षक र कर्मचारीले सहयोग गर्नुपर्ने छ ।

(ग) क्याम्पसका कुनै शिक्षक वा कर्मचारीले क्याम्पस प्रमुखको पूर्व स्वीकृति वेगर क्याम्पसमा भए गरेका काम कारवाहि र कागज पत्र आदिको जानकारी प्रत्यक्ष वा अप्रत्यक्ष रुपवाट बाहिरका व्यक्तिलाई गराउन पाउने छैन ।

(घ) शिक्षक तथा कर्मचारीले क्याम्पस भित्र आफ्नो आचरण तथा नैतिकता शुद्ध र पवित्र भावानाले अभिप्रेरित भई क्याम्पसको प्रगति र सम्वृद्धिमा संलग्न हनुपर्ने छ ।

(ङ) आफुलाई तोकिएको उत्तरदायित्व अनिवार्य रुपले वहन गरी क्याम्पसले तोकेको समयसम्म क्याम्पसमा अनिवार्य रहनुपर्ने छ ।

(च) क्याम्पसमा तालाबन्दि, घेराउ, तोडफोड, हुलदङ्गा आदि कार्य गरी तनाव सृजना गर्ने वा गराउन लगाउन पाइने छैन ।

(छ) क्याम्पसलाई हानी नोक्सानी हुने गरी अनुचित नियत गरी भ्रष्टचार गर्ने वा अख्तियारको दुरुपयोग गर्ने पाइने छैन ।

(ज) आचार संहिताको उल्लघन गर्ने शिक्षक, कर्मचारीलाई क्याम्पस प्रमुखले मौखिक चेतावनी वा लिखित नसिहत दिन सक्नेछ । त्यसबाट पनि आफ्नो आचरण नसुध्रेमा क्याम्पस प्रमुखको उचित छानविन सहितको सिफारीसमा सञ्चालक समितिले ग्रेड रोक्का गर्ने, हानी नोक्सानी भएको भए क्षतिपुर्ती भराउने तथा सेवावाट हटाउने जस्ता सजाय गर्ने सक्ने छ ।

(झ) उपदफा (ज) बमोजिम सेवाबाट हटाउन पर्दा आरोप स्पष्ट किटान गरी सेवावाट हटाउनुपर्ने कारण समेत खुलाइ सम्बन्धित शिक्षक तथा कर्मचारीलाइ आफ्नो सफाइको सवुत गर्ने  कम्तिमा १५ दिनको म्याद सहित लिखित स्पष्टिकरण माग्नुपर्ने छ । यो स्पष्टिरण उचित नदेखिएमा  सञ्चालक समितिको दुई तिहाइ बहुमतबाट निजलाई सेवावाट हटाउन सक्नेछ । तर निजले आफू निर्दोष हुदाहुदै अन्याय भएको लागेमा पुनःएकपटक सञ्चालक समितिमा पुनरावेदन गर्ने सक्नेछ । पुनरावेदन पछिको निर्णय अन्तिम हुनेछ ।

## २३.बिद्यार्थीको आचार संहिताः-

क.क्याम्पस समय समयमा जारी गरेका नियम विनयम पालना गर्न बिद्यार्थीको कर्तब्य हुनेछ ।

ख.बिद्यार्थीहरुले क्याम्पस प्रमुखको स्वीकृति विना क्याम्पसलाई आँच आउने काम गरी बोल्न,नृत्या,तथा नाटक प्रदर्शन जस्ता कार्यक्रमहरु प्रस्तुत गर्न पाईने छैन ।

ग.क्याम्पस हाता भित्र  कुटपिट,गाली गलौज गर्न वा हात हतियार लिई उपस्थित हुन पाइने छैन ।

घ.क्याम्पसमा पुस्तक फर्निचर,बिद्युत समाग्री लगायतका उपकरण अन्य आदि चल अचल सम्पत्तिको दुरुपयोग गर्न पाइने छैन ।

च.क्याम्पसले तोकेको पोशाकमा उपस्थित हुनु पर्नेछ ।

छ.क्याम्पसले दिएको परिचय पत्र अनिकार्यरुपमा साथमा राख्नु पर्नेछ ।

ज.माथि उल्लेखित आचार संहिता उल्लघन गर्ने बिद्यार्थीहरुलाई क्याम्पस प्रमुखले उचित छानविन गरी नैसियत दिने,हानी नोक्सानीको क्षतीपुर्ति गराउने,उपराधको अनुपातमा जरिवाना गर्ने वा केही समयका लागी निलम्बित समेत गर्न सकिने छ ।

२४. क्याम्पस प्राङ्गण भित्र लागू पदार्थ, धुम्रपान, मद्यपान लगायत सूर्तीजन्य पदार्थ उपभोग गर्न, बेच बिखन गर्न र वितरण गर्न पूर्ण रुपले निषेध गरिएको छ ।

# परिच्छेद-६

# प्राध्यापक सघं, कर्मचारी सघं र स्वतन्त्र विद्यार्थी युनियन

## २५. प्राध्यापक संघ

क्याम्पसमा कार्यरत प्राध्यापकहरुको पेशागत हक र  हितको संरक्षणका निम्ति पब्लिक क्याम्पस प्रध्यापक संघ एकाई समिति गठन गर्ने सकिने छ ।

## २६. कर्मचारी संघ

क्याम्पसमा कार्यरत कर्मचारीहरुको पेशागत हक र हितको संरक्षणका निम्ति एक क्याम्पस कर्मचारी एकाइ समिति गठन गर्न सकिने छ ।

## २७. स्वतन्त्र विद्यार्थी युनियन

क्याम्पसमा कार्यरत स्नातक तह वा सो भन्दा माथिल्लो तह सम्मका विद्यार्थीहरुको एक स्वतन्त्र विद्यार्थी युनियन गठन गर्न सकिने छ ।

-उपरोक्त ३ वटै संघ तथा युनियनको अन्य कार्यविधि नियमावलीमा उल्लेख भए बमोजिम हुने छ ।

# परिच्छेद -७

# कोषको व्यवस्था र विविध

## २८. क्याम्पस कोष

क्याम्पस कोष भन्नाले पर्रोहा बहुमुखी क्याम्पसको स्थापना देखी क्याम्पस सञ्चालन र विस्तार, भौतिक विकास, संरक्षण र संवद्धनका लागी विभिन्न श्रोतबाट संकलन भई जम्मा हुन आएको रकमलाई बुझीन्छ । यस कोषको सुरक्षा सञ्चालक समितिले गर्नेछ ।

(क) यस कोषमा क्याम्पसको लागि प्राप्त हुने दान, दान्तव्य, चन्दा, अनुदान, आर्थिक सहायता, विद्यार्थीहरुले तिर्ने विभिन्न शुल्क, ठेक्का पट्टा , लिलाम विक्री र अन्य विविध श्रोतवाट जुट्ने रकम जम्मा गरीने छ ।

(ख) उक्त कोषवाट मुल कोष, अक्षय कोष, निर्माण कोष, कार्यसञ्चालनमा कोष, ह्रासकट्टी कोष र उपदान कोष गरी ६ किसिमका कोषहरु खडा गरिने छ ।

### (अ ) मुल कोष

क्याम्पस स्थापनाकाल देखी नै सञ्चित भएका अक्षयकोष, धरौटि र निर्माण कोष बाहेक प्राप्त भएका विभिन्न श्रोत अन्तर्गत प्राप्त रकमहरु यस कोषमा जम्मा गरीने छ ।यस कोषबाट त्रैमासिक अवधिका लागि कार्य सञ्चालनमा बजेटको निकासा गरीने छ ।

### (आ) अक्षय कोष

विद्यार्थीहरुबाट अक्षयकोषको रुपमा प्राप्त रकम र चन्ददाता वाट अक्षयकोषको लागी किटान गरी प्राप्त हुन आएको रकम यस कोषमा जम्मा गरीने छ । यो रकम बैकको मुद्दति खातामा जम्मा गरीने छ । यो कोषको ब्याजबाट प्राप्त ५० प्रतिशत रकम निर्माण विकासका लागी खर्च गर्ने सकिनेछ र बाँकी ५० प्रतिशत रकम मुलकोषमा जम्मा गरीने छ । साथै आय मुलुक कार्यमा लगाउन क्यामपस सभाले महसुस गरी निर्णय दिएमा

सो गर्ने सकिने छ । तर उदेश्य किटान गरी प्राप्त हुन आएको अक्षयकोषको व्याज भने सोहि उदेश्यमा मात्र खर्च गरीने छ ।

### (इ) निर्माण कोष

क्याम्पस निर्माण तथा अन्य भौतिक सुविधा जुटाउनका लागी जम्मा आउने रकमलाइ निर्माणकोष भनिनेछ । यसै कोषवाट खर्च गरी क्याम्पस भवन, फर्निचर, छात्रावास र विभिन्न भौतिक सामाग्रीको परीपुर्ति गरीने छ । यो कोष बैंकको चल्ती र बचत खाताबाट सञ्चालन हुने छ ।

### (ई) सञ्चालन कोष

क्याम्पस सञ्चालनकोक्ष भन्नाले क्याम्पसको दैनिक कायृ सञ्चालनका लागी रकम उपलब्ध हुने कोष भन्ने बुझीन्छ । यस कोषमा मुल कोषबाट त्रैमासिक रुपमा रकम निकासा गरनि छ । शिक्षक कर्मचारीको तलब, भत्ता, मसलन्द, भैपरी आउने खर्च ,परीक्षा सञ्चालन तथा विविध प्रशासनिक कार्य सञ्चालनका लागी बैंकको चल्तिवाट कोष सञ्चालन गरीनेछ ।

### (उ) ह्रासकट्टी कोष

क्याम्पसको भैतिक पूर्वाधारको प्रयोग गरे बापत प्रत्येक वर्ष कुल सम्पत्तिको ह्रासकट्टी वापतको रकम छुट्टै खाता खोली जम्मा गर्ने सकिने छ । यस्तो रकम सञ्चालक समितिको निर्णय बमोजिम भौतिक विकासमा खर्च गरीने छ ।

### (ऊ) उपदान कोष

यस क्याम्पसमा कमतिमा ५ वर्ष सम्म लगातार सेवा गरेका शिक्षक तथा कर्मचारीलाई क्याम्पसको आफ्नो श्रोत अनुसारको उपदान उपलब्ध गराइने छ । जसका लागी हरेक बर्ष नियमावलीमा उल्लेख भए अनुसारको रकम क्याम्पसले जम्मा गर्ने छ ।

## २९. आन्तरीक लेखा परीक्षण समिति :

क्याम्पसको आय व्यय व्यवस्थित भए नभएको जाचँबुझ गरी समस्या भएमा सो समाधानको सुझाब समेत दिनको निम्ती ३ सदस्यीय एक आन्तारीक लेखा परीक्षण समिति समेत रहने छ । जसको काम,कर्तव्य र अधिकार नियमावलीमा उल्लेख भए बमोजीम हुनेछ ।

## ३० विविध

(क) यस विधानमा उल्लेखित कुराहरुको अतिरिक्त त्रि.वि तथा अन्य सम्बन्धन दिने निकायको विधान, ऐन नियमावलीका कुनै पनि परिच्छेद, धारा, उपधारा, उपनियमलाई सञ्चालक समितिले लागु गर्ने सक्नेछ ।

त्यसरी लागु गर्ने निर्णय गरेपछि नियम विनियमको उक्त धारा यसै नियमावलीमा समावेश भएको मानिनेछ

(ख) निजी तथा सामुदायिक क्षेत्रका क्याम्पस निमित्त लागु गर्ने त्रि .वि. तथा अन्य सम्बन्धन दिने निकायले बनाएका कुनै पनि निति लागु गर्नेलाइ यस विधानले बाधा पु¥याएको मानिने छैन ।

(ग) यस विधानका कुनै दफा उपदफाको व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाइ हुनेछ ।

(घ) क्याम्पस सञ्चालनका लागी आवश्यक पर्ने अन्य शैक्षिक, प्रशासनिक, आर्थिक तथा सेवा सम्बन्धि नियमावलीहरु र यो विधान समेत समय सापेक्ष रुपवाट सञ्चालक समितिले संशोधन एंव परीमार्जन गरी लागु गर्ने सक्नेछ ।

(ङ) यस विधानमा उल्लेख्ति भएका कुराहरुको संशोधन विधानमा व्याख्या भएका कुराहरुको प्रतिकुल असर नपर्ने गरी क्याम्पस सञ्चालक समितिले नियमहरुको आवाश्यक तर्जुमा, सशोधन र खारेज गर्ने सक्ने छ ।

(च) क्याम्पस प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरुको बिचमा कुनै समस्या आइ परेमा र क्याम्पस प्रमुख वा अन्य व्यक्तिका निर्णयवाट आफुमाथी अन्याय भएको महशुस भएमा त्यस्ता व्यक्तिहरुले सञ्चालक समितिमा उजुरी गर्ने सक्नेछ । त्यस्ता उजुरीको निर्णय सञ्चालक समितिबाट गरीने छ । उक्त निर्णय प्रति अन्याय भएको सम्बन्धित पक्षले ठानेमा पुनः सञ्चालक समितिमा पुनरावेदन गर्न सक्नेछ । पुनरावेदन पछिको निर्णयलाई अन्तिम निर्णय मानिने छ ।

(छ) कुनै कारण वस यस पर्सोहा बहुमुखी क्याम्पस विघटन भएमा वा नरहने अवस्था सिर्जना भएमा यसको चल अचल सम्पत्ति स्वतः नेपाल सरकारमा जाने छ ।

# अनुसुची

## अनुसुची १ः

क्याम्पसको छाप निम्न बमोजिम हुने छ ।

# परोंहा बहुमुखी क्याम्पस

सैनामैना-४,रुपन्देही

## कार्यरत क्याम्पस संचालक समितिको विवरण

| क्र.स | नाम थर | पद |
|---|---|---|
| ०१ | श्री तुल्सी कुमार भुषाल | अध्यक्ष |
| ०२ | श्री गोबिन्द प्रसाद लम्साल | उपाध्यक्ष |
| ०३ | श्री गणेश प्रसाद भुषाल | कोषाध्यक्ष |
| ०४ | श्री धन बहादुर कार्की | सदस्य (वडा अध्यक्ष) |
| ०५ | श्री कमल बहादुर रायमाझी | सदस्य (त्रि.बि.प्रतिनिधि) |
| ०६ | श्री चन्द्रकान्त भण्डारी | सदस्य |
| ०७ | श्री कृष्ण प्रसाद कंडेल | सदस्य |

| | | |
|---|---|---|
| ०८ | श्री दिपक अधिकारी | सदस्य |
| ०९ | श्री सिता जि.सी | सदस्य |
| १० | श्री प्रेम कुमार शर्मा | सदस्य |
| ११ | श्री बिष्णु कान्त गौतम | सदस्य |
| १२ | श्री मन्जु ज्ञवाली | सदस्य |
| १३ | श्री जगन्नाथ गौतम | सदस्य(प्रध्यापक प्रतिनिधि) |
| १४ | श्री चित्र बहादुर के.सी | सदस्य सचिव |